कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३३ | वि.सं. २०८३ जेठ २ शनिवार | नेपाल संवत: ११४६, ज्येष्ठ कृष्ण औंसी | Saturday 16 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### कर्णालीमा ठप्प बन्यो निर्माण क्षेत्र :

# मूल्यवृद्धिको भार थेग्न नसकेपछि सडक संघर्षमा ओर्लिए निर्माण व्यवसायी

**ओम शाही**
**सुर्खेत, १ जेठ ।**

मुलुकको झण्डै ८० प्रतिशत बढी विकास बजेट कार्यान्वयनमा सरकारलाई सघाउदै आएको निजी क्षेत्र सिथिल अवस्थामा पुगेको छ। इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको भार थेग्न नसकेपछि निर्माण व्यवसायीहरु धरासायी बन्ने अवस्थामा पुगको बताइएको छ।

मध्यपूर्वी देश इरानमाथि अमेरिका र इजरायलले थालेको युद्धका कारण इन्धन आपूर्तिमा संकट उत्पन्न भएसँगै भएको मृल्यवृद्धिको भार थेग्न नसकेपछि अन्ततः निर्माण व्यवसायीहरु सडक संघर्षमा उत्रिएका छन्। जसका कारण मुलुकको झण्डै ८० प्रतिशत पूँजित बजेट कार्यान्वयनमा ठुलो असर पर्ने देखिएको छ।

मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउन सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्माण उद्योगले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा २० लाखभन्दा बढीलाई प्रदान गर्दै आएको रोजगारी पनि प्रभावित भएको छ। मुलुकको कुल ग्राहस्थ उत्पादनमा १३ प्रतिशतसम्म योगदान दिँदै आएको निर्माण उद्योग निर्माण सामाग्रीमा पछिल्लो समय भइरहेको अप्रत्याशित एवं अत्यधिक मूल्यवृद्धिका कारण ठप्प भई सप्लाई चेन अवरुद्ध भएर निर्माण उद्योग धराशायी हुँदा मुलुकको समग्र अर्थतन्त्रमा नै प्रतिकूल प्रभाव परेको दावीका साथ निर्माण व्यवसायीहरु सडक संघर्षमा उत्रिएका हुन्।

उनीहरुले अहिलेको जटिल अवस्थामा विकास निर्माणका काम अघि बढाउन नसक्ने अवस्थमा पुगेपछि धर्नामा बस्नुपर्ने अवस्था आएको बताएका छन्। शुक्रबार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलको समेत यस विषयमा ध्यानाकर्षण गराइएको छ। कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघले कँडेलको ध्यानाकर्षण गराएको हो।



## ‘संघ सरकारले तत्काल सम्बोधन गर्नुपर्छ’

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले मध्यपूर्वको तनावले इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिको असर विकास निर्माणमा पर्न नदिन तत्काल संघीय सरकारले कदम चाल्नु पर्ने बताएका छन्।

शुक्रबार कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघको ध्यानाकर्षण पत्र बुझ्दै उनले मध्यपूर्वमा बढ्दो तनावका कारण इन्धन तथा निर्माण सामग्रीको मूल्यवृद्धि हुँदा कर्णालीसहित देशभर विकास निर्माण प्रभावित भएको विषयलाई संघीय सरकारले गम्भीरता पूर्वक लिनुपर्ने बताए।

बाँकी ४ पेजमा

महासंघका महासचिव मानव बमले मध्यपूर्वको युद्धअघि (फेब्रेवरी १५) डिजेल प्रति लिटर एक सय ३९ रहेकोमा हाल प्रति लिटर दुई सय २५ र बिटुमिनको मूल्यप्रति किलोग्राम ७५ बाट बढेर एक सय ५५ पुगेको अवस्थामा कुनैपनि आयोजनाहरु सम्पन्न गर्न नसकिनेप्रति मुख्यमन्त्रीको ध्यानाकर्षण गराए।

‘मूल्यवृद्धिको यस अवधिमा निर्माण व्यवसायीहरूलाई झण्डै १० अर्बको नोक्सानी भइसकेको छ। यसरी निर्माण उद्योगमा प्रयोग हुने डिजेल, मट्टितेल, बिटुमिनसहितका विविध निर्माण सामाग्रीहरू, ढुवानी खर्च तथा श्रमीक लागतमा अस्वभाविक वृद्धि हुँदा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको छ,’ बमले भने।

उनले सबै किसिमका ठेक्काहरूमा मूल्य समायोजनको व्यवस्था गरिदिन नेपाल सरकार समक्ष बारम्बार अनुरोध गरेतापनि समस्या समाधान नभएको प्रति असन्तुष्टि जनाए। छिमेकी मुलुक भारतले समेत इन्धन लगायतका निर्माण सामाग्रीहरूमा भइरहेको मूल्यवृद्धिको अनुपातमा मूल्य समायोजन दिइरहेको स्थितिमा नेपाली निर्माण व्यवसायीहरूलाई मूल्य समायोजनबाट बञ्चित गराइएको प्रति महासचिव बमले मुख्यमन्त्रीको ध्यानाकर्षण गराए।

निरन्तर भइरहेको मूल्यवृद्धिको समस्यालाई सम्बोधन गर्न सबै निर्माण कार्यको मूल्य समायोजन उपलब्ध गराउने गरी नीतिगत निर्णय गर्न सरकारलाई अल्टिमेटम दिँदासमेत कुनै सुनुवाई नभएको निर्माण व्यवसायीहरुको गुनासो छ।

नेपाल सरकारका विकासे मन्त्रालयका उच्च अधिकारीहरू बाटसमेत निर्माण व्यवसायीहरूलाई मूल्य समायोजन दिने विषयमा हालसम्म ठोस निर्णय गर्ने तहसम्म नपुगेकाले देशभर सञ्चालित सबै प्रकारका आयोजना स्वत : बन्द हुने परिस्थिति सिर्जना भएको निर्माण व्यवसायीहरुको दावी छ।

‘हालको विषम परिस्थितिमा निर्माण व्यवसायीहरूले पुरानै इस्टिमेट तथा दररेटमा काम गर्न सक्ने कुनै अवस्था नरहेको, जति काम गर्यो त्यति नै घाटामा गई आर्थिक रुपमा धराशायी हुने भएकाले अब व्यवसायीहरू कुनै पनि निर्माण कार्यमा सहभागी हुन नसक्ने व्यहोरा यसै ज्ञापन पत्र मार्फत अवगत गराउँदछौं,’ मुख्यमन्त्रीमार्फत संघीय सरकारलाई

बाँकी ४ पेजमा

## विद्युत् लाइन काटेर पाँच करोड बक्यौता असुली



**युग संवाददाता**
**बाँके, १ जेठ ।**

नेपाल विद्युत् प्राधिकरण नेपालगन्ज वितरण केन्द्रले विद्युत् लाइन काटेर महसुल बक्यौता असुली अभियान सञ्चालन गरेको छ। बितेका पाँच महिनामा लामो समयदेखि महसुल रकम नतिर्ने करिब पाँच हजार ५०० ग्राहकको लाइन काटेर बक्यौता असुली अभियान सुरु गरेको नेपाल विद्युत प्राधिकरण नेपालगन्ज वितरण केन्द्रका प्रमुख सञ्जयकुमार मिश्रले जानकारी दिए।

उनका अनुसार लामो समयदेखि महसुल रकम नतिर्ने ग्राहकको लाइन काटेपछि चार हजार ५०० ग्राहकले विद्युत् महसुल भुक्तानी गरी लाइन पुनः जडान गरेका छन्। काटिएको लाइन पुनः जडान गर्दा नेपालगन्ज वितरण केन्द्रले करिब पाँच करोड रुपैयाँ बक्यौता असुल गर्न सफल भएको छ।

“बितेको पाँच महिनामा हामीले करिब साढे पाँच हजार ग्राहकको लाइन काटेका छौं, यसबाट बक्यौता रकम करिब छ करोड ३० लाख रुपैयाँ हुन गएको छ”, केन्द्र प्रमुख मिश्रले भने, “लाइन काटेकामध्ये करिब चार हजार ५०० ग्राहकबाट विद्युत् लाइन पुनः जडान भई करिब पाँच करोड बक्यौता असुल पनि भएको छ।”

वितरण केन्द्रले लामो समयसम्म महसुल नबुझाउने ग्राहकको लाइन काटेर बक्यौता असुली अभियानलाई निरन्तर रूपमा सञ्चालन गरिहेको छ। विद्युत् आपूर्ति सुधार र अनियमितता नियन्त्रणका लागि अनुगमनलाई समेत तीव्र बनाएको केन्द्र प्रमुख मिश्रले बताए।

विद्युत् लाइन प्रयोग गरेबापतको महसुल ६० दिनभित्र तिर्नुपर्ने कानुनी व्यवस्था रहेको छ। उक्त अवधिभित्र बिल भुक्तानी नतिर्ने उपभोक्तामाथि अब स्वचालित रूपमा कारबाही हुनेछ। बक्यौता नतिर्ने ग्राहकको लाइन काट्ने अभियानले ग्राहकलाई समयमै बिल तिर्नुपर्ने सचेतना जगाएको उनको भनाई छ।

बाँकेमा विद्युत् सेवा सुधार र चुहावट नियन्त्रणका लागि नेपालगन्ज वितरण केन्द्रले मिटर अनुगमन, हुकिङ गर्ने वा मिटरमा गडबडी गर्ने ग्राहकमाथि सार्वजनिक बिदाका दिनसमेत स्थलगत निरीक्षण गर्दै सिँचाइ, घरेलु तथा अन्य ग्राहकको सेवा अवस्थाबारे अनुगमन गरिरहेको छ।

सेवा सुधार, चुहावट नियन्त्रण अभियानले पछिल्ला महिनामा बाँकेमा विद्युत् आपूर्तिमा सुधार देखिएको छ। नयाँ फिडर थपिएपछि ओभरलोडको समस्या घटेका कारण गर्मीयाममा समेत आपूर्ति अवरुद्ध नहुने केन्द्र प्रमुख मिश्रको दाबी छ।



कथा :

# अरुणको किनारमा



✍ भरत पौडेल

ऊ आई र मलाई रित्याएर गई ।

त्यो भोटेनी केटी अरुणमा हामफाल्नै लागेकी थिई । म बेकामे, घुमन्ते, उरन्ठेउलो उसै भौतारिँदै पुगेको थिएँ त्यहाँ । एउटी जवान केटीले जीवनोत्सर्ग गर्न लागेकी देखेर म भावविहीन बनेँ र अनायसै उसलाई समाउन पुगेँ । ऊ भरिली जवान भोटेनी । म लुरे बाहुन । झण्डै झण्डै ऊसँगै अरुणमा झरेको । सोध्न पनि सकिनँ, किन ऊ अरुणकी प्यारी हुन लागेकी हो भनेर । निःशब्द भएर मैले उसलाई तानेँ । जुन हात समातेर तानेको थिएँ त्यही हात नछोडी उकालो लागेका थियौँ हामी ।

थुक्क ! मोराले कोही नपाएर भोटेनी समातेछ । समाजलाई यत्ति देख्नु काफी थियो । मैले प्रतिक्रिया दिने ठाउँ पनि थिएन । समातेकै हो 'समात्नु' शब्द उसै बदनाम भयो । समातिनेको हालत झन् के भयो होला ! निश्चल मनको गहिराइमा मुस्लो धुवाँ उठ्यो र क्रमशः हाँगा फाट्दै गयो । त्यसैको एउटा हाँगा आँखाबाट निस्कियो । समाजको हेराइमा त्यो हाँगा दोषी सावित भैसकेको थियो ।

मैले समाजको नाक काटिदिएँ । मेरो कारण समाजले नकाटो हुन चाहेन । 'असतीलाई समाजबाट निकाल्नु पर्छ ।' उसै पनि म समाजमा कहाँ थिएँ र ! म समाजबाट धुवाँजस्तै उडेर माथि पुगिसकेको थिएँ तर समाजले मलाई निहुरेर हेरिरहेको थियो । 'अवस्थाअनुसार गहिराइ र उचाइ समान पनि हुँदा रहेछन् केटा !' मैले आफैँलाई सम्झाएँ ।

असारको महिना थियो, चलनअनुसारको लगन भएको महिना । मैले उसलाई आफ्नो बनाउने निधो गरेँ । मलाई लागेको थियो यो कुराको साक्षी हामी दुईमात्र हुनेछौँ । तर, उसले आमालाई खबर गरिछ । ऊ उसकी आमा, एउटा पण्डित र केही आफन्तसहित उपस्थित भइन् । 'म आगो साक्षी राखेर नै छोरी सुम्पिन्छु ।' मेरो तर्फबाट केही तयारी थिएन । तयारी गर्नुपर्ने पनि केही थिएन । मेरो गोजी एक चुट्की सिन्दुर र एक लुङ पोतेमा सीमित थियो ।

त्यो साँझ अरुणको किनारमा पानी असाध्यै बढेको थियो । बादलहरू आकाशमा यसरी गुडिरहेका थिए, मानौँ कसैले पुराना दुःखलाई हाँकेर भगाइरहेको होस् । पण्डितले कुश बिछ्याए । एउटा पुरानो काँसको थालमा दीप राखियो । नदीको गर्जनबीच मन्त्रका ध्वनिहरू कहिले हराउँथे, कहिले फर्केर आउँथे ।

उसले पहिलोपटक मलाई सीधा आँखामा हेरी । ती आँखामा डर थिएन । बरु एक किसिमको थकान थियो । धेरै रोएर आँशु सकिएका मान्छेमा हुने थकान । मैले त्यही क्षण बुझेँ, यो केटी मरिनँ भनेर मात्र बाँचेकी होइन, यो अब बाँचेर देखाउने अठोटमा छे ।

'नाम के हो तिम्रो ?' विवाहपछि मैले विस्तारै सोधेँ । ऊ मुसुक्क हाँसी । 'पेम्फुटी । घरमा पेमी भन्छन् ।'

मैले मनमनै दोहोऱ्याएँ- पेम्फुटी । नाम उच्चारण गर्दा नै हिउँ पग्लिएको आवाज आउँथ्यो ।

'र तिम्रो ?'

'मानबहादुर होइन, देवबहादुर होइन... म त बस् हरिप्रसाद । गाउँलेले हरिया भन्छन् ।'

'हरिया...' उसले बिस्तारै मेरो नाम बोल्दा मलाई पहिलोपटक आफ्नै नाम राम्रो लाग्यो ।

विवाह सकिएपछि उसका आफन्तहरू चुपचाप फर्किए । कसैले आशीर्वाद दिएनन् । कसैले विरोध पनि गरेनन् । त्यो मौनताको अर्थ के थियो ? उत्तर खोज्ने प्रयास गरिएन ।

हामीसँग घर थिएन । मेरो नाममा जमिन थिएन । समाजले दिने ठाउँ थिएन । त्यसैले हामी नदीछेउकै एउटा खाली गोठमा बस्न थाल्यौँ । छानो चुहिन्थ्यो । राति मुसा कुद्थे । बिहान चिसोले हड्डी दुख्थ्यो । तर, पेमी हरेक बिहान गोठको ढोकामा उभिएर सूर्य हेर्थी र भन्थी- 'मरेकी भए यो देख्ने थिइनँ ।' मसँग उत्तर हुँदैनथ्यो ।

गाउँलेहरूले हाम्रो विवाहलाई विवाह मानेनन् । उनीहरूका लागि त्यो दुर्घटना थियो । उनीहरूको आँखामा पेमी अझै पनि 'भोटेनी' नै थिई, नाम भएकी मान्छे होइन । अनि म ? म जात फालेको बाहुन ।

एकदिन चौतारोमा गाउँका केही बूढाहरू बसिरहेका थिए । म उता जाँदै थिएँ ।

'ए हरिया !' एकजनाले बोलाए । म रोकिएँ । 'भोटेनीको जादु कस्तो हुँदो रहेछ ?' उनीहरू हाँसे । म पनि हल्का हाँसेँ । भित्र भने केही चर्कियो । 'जादु होइन काका,' मैले भनेँ, 'मर्ने मान्छेलाई बाँच्न दिनु पाप हो भने त्यो पाप गरेको हुँ ।'

त्यो दिनपछि मलाई चौतारोमा बस्न निषेध गरियो । घर फर्किँदा पेमीले मेरो अनुहार पढी ।

'फेरि केही भने ?'

'केही होइन ।'

'मसँग झुट नबोल हरिया ! तिमी झुट बोल्दा आँखाको कुनो काँप्छ ।'

म अचम्ममा परेँ । मैले आफूलाई यति गहिरो गरी पढ्न जानेको थिइनँ ।

त्यो रात हामी धेरै बेर चुप लागेर बस्यौँ । बाहिर पानी परिरहेको थियो । पेमीले अचानक भनिन्- 'तिमीले मलाई किन बचायौ ?' मसँग उत्तर तयार थिएन ।

'शायद... कसैले त बचाउनुपर्थ्यो ।'

ऊ केही बेर मौन भई ।

'मेरो बाउले मलाई पन्ध्र वर्षमै बेचिदिएका थिए । भोजपुरबाट आएको एक व्यापारीसँग । म भागेर फर्किएँ । गाउँलेले मलाई खराब भने । आमा रुँदै बसिन् । त्यसपछि मलाई लाग्यो, म बाँचे पनि कसका लागि ? त्यसैले म अरुणतिर गएँ ।' उसको स्वर नदीभन्दा गहिरो थियो ।

'तर तिमी आएछौ ।'

मैले उसको हात समातेँ । त्यो हातमा अझै नदीको चिसोपन बाँकी थियो ।

दिनहरू बिस्तारै बग्न थाले । हामी दुवैले मजदुरी गर्न थाल्यौँ । म कहिले भारी बोक्थेँ, कहिले खेत जोत्थेँ । पेमी गाउँका केही घरमा ऊन कात्थी, नाङ्लो बुन्थी । उसले बनाएका ढाका राम्रा हुन्थे । तर मानिसहरूले सस्तो मूल्य दिन्थे ।

'भोटेनीको हातको काम हो नि,' उनीहरू भन्थे ।

एकदिन मैले रिसाएर भनेँ- 'बेच्नु पर्दैन छोडिदेऊ ।'

पेमी हाँसी । 'भोकले जात सोध्दैन हरिया ।'

उसले सामान्य वाक्य बोल्थी, तर त्यसमा जीवनको पुरै दर्शन लुकेको हुन्थ्यो ।

हाम्रो गोठबास भएको दुई वर्ष बितेछ । त्यो बीचमा धेरै कुरा बदलियो । गाउँलेहरूले हामीलाई पूर्ण रूपमा स्वीकार गरेनन्, तर पुरै निकाल्न पनि सकेनन् । कारण, हामी कसैको नराम्रो चाहँदैनथ्यौँ । कसैको खेतमा काम परे पुग्थ्यौँ । कसैको घरमा बिरामी परे रातभर बसिदिन्थ्यौँ ।

तर समाजको मन ढुंगाभन्दा ढिलो पग्लिँदो रहेछ ।

एकदिन गाउँकी एउटी बाहुनीले पेमीलाई धारोमा गाली गरिछ ।

'तिमीहरूको कारणले गाउँ बिग्रियो ।'

पेमी चुप लागिछ ।

'किन नबोलेकी ?' मैले सोधेँ ।

ऊ मुस्कुराई ।

'ढुङ्गालाई फूलले हिर्काएर के फाइदा ?'

तर त्यो रात ऊ धेरै बेर रोई । मैले पहिलोपटक उसको रोदन सुनेँ । त्यो आवाज दबाइएको वर्षाजस्तो थियो । 'म कहिलेसम्म भोटेनी नै रहन्छु हरिया ?' मसँग उत्तर थिएन । मैले केवल उसको कपाल सहलाएँ ।

समयले हाम्रो गोठमा अर्को पाहुना पनि ल्यायो । पेमी गर्भवती भई । जब उसले मलाई खबर सुनाई, म पहिलोपटक साँच्चै डराएँ । हामी आफै आधा पेट खान्थ्यौँ । बच्चालाई कसरी हुर्काउने ? तर पेमी खुशी थिई ।

'हाम्रो बच्चाले जात लिएर जन्मिँदैन नि हरिया ?'

उसको प्रश्नले मलाई भित्र कताकता घोच्यो ।

छोरी जन्मिई । असोजको एक रात । बाहिर हुरी चलिरहेको थियो । गोठको छानो उड्ला जस्तो भइरहेको थियो । तर, त्यो सानो बच्चीको पहिलो रोदनले सबै आवाज दबाइदियो । मैले छोरीलाई काखमा लिँदा अजीब अनुभूति भयो । मानौँ भगवान्ले मलाई समाजभन्दा ठूलो जिम्मेवारी दिएका हुन् ।

'नाम के राख्ने ?' पेमीले सोधी ।

मैले बच्चीको निधार चुमेँ ।

'अरुणिमा । किनकि उसले हामीलाई अरुणबाट फिर्ता ल्याएकी हो ।'

अरुणिमा हुर्किँदै गई । उसका आँखाहरू पेमीका जस्तै थिए । उज्याला तर भित्र कतै दुःख लुकाएका । गाउँका केही बच्चाहरू ऊसँग खेल्थेनन् । 'त्यो जात नमिलेकी हो,' उनीहरूका आमाबाउले भन्थे ।

एकदिन अरुणिमा रूँदै घर आई ।

'म कुन जातकी हो बाबा ?'

म स्तब्ध भएँ ।

पेमीले उसलाई अँगालो हालेर भनी- 'तँ मान्छे जातकी होस् ।' तर समाजले यति सरल उत्तर मान्दैनथ्यो ।

म भित्रभित्रै जल्दै थिएँ । धेरै रात निदाउन सकिनँ । मलाई लाग्थ्यो, मैले पेमीलाई बचाएँ, तर उसलाई अर्को नरकमा ल्याएँ । त्यसपछि मैले गाउँ छोड्ने सोच बनाएँ ।

'हामी धरान जाऔँ,' मैले एकदिन भनेँ । 'त्यहाँ कसैले हाम्रो जात सोध्दैन होला ।' पेमी लामो समय चुप रही । 'भागेर कहाँसम्म जाने हरिया ? समाज मान्छेसँगै हिँड्छ ।'

'तर अरुणिमाका लागि...'

उसले छोरीलाई हेरी ।

'ठीक छ ।'

हामीले गोठ छोड्यौँ । केही पुराना कपडा, केही भाँडा र पेमीको करखा बोकेर धरान झर्यौँ । शहर हामीजस्ता मानिसका लागि सजिलो थिएन । त्यहाँ कसैलाई कसैको मतलब थिएन, तर गरिबीले सबैलाई एउटै लाइनमा उभ्याउँथ्यो ।

म निर्माण मजदुर भएँ । पेमीले ढाका बेच्न थाली । धरानमा पहिलोपटक हामीले अलिकति स्वतन्त्र सास फेर्यौँ । यहाँ कम्तीमा मानिसहरूले खुला रूपमा "भोटेनी" भनेर कराउँदैनथे । तर भाग्य फेरि पनि सजिलो थिएन । एकदिन काम गर्दै गर्दा म तीनतलाबाट खसेँ । मेरो खुट्टा भाँचियो । महिनौँ ओछ्यान परेँ । घर चलाउने जिम्मा पेमीमाथि आयो । ऊ बिहानै बजार जान्थी । राति अबेर फर्किन्थी । म उसको अनुहारमा थकानका डोबहरू देख्थेँ ।

'आराम गर,' म भन्थेँ ।

'गरिबले आराम गर्यो भने भोक उठ्छ,' ऊ हाँस्दै भन्थी ।

तर बिस्तारै मैले उसको हाँसो हराउँदै गएको देखेँ । एक रात ऊ धेरै ढिलो आई ।

'के भयो ?' मैले सोधेँ ।

ऊ चुप रही ।

पछि थाहा पाएँ, बजारका केही व्यापारीहरूले उसलाई नराम्रो प्रस्ताव दिएका रहेछन् ।

म आगोझैँ भएँ ।

'भोलिदेखि तिमी बजार जाँदैनौ ।'

'अनि खाने के ?'

म मौन भएँ ।

त्यो रात मलाई आफ्नो पुरुषत्वमाथि घृणा लाग्यो । समाजले मलाई बाहुन भनेर ठूलो बनाएको थियो, तर आफ्नी स्त्रीलाई सुरक्षित राख्न सक्ने सामर्थ्य पनि थिएन । दिनहरू फेरि कठोर हुँदै गए । म लङ्गडाउँदै काममा जान थालेँ । पेमी अझै ढाका बेच्थी । तर उसले कहिल्यै गुनासो गरिन ।

एक साँझ ऊ घर आएर लामो समयसम्म अरुणिमालाई हेर्दै बसी ।

'के सोचिरहेकी ?' मैले सोधेँ ।

'यदि म अरुणमा हाम फालेकी भए...'

'पेमी !' मैले कराएँ ।

ऊ मुस्कुराई ।

'नडराऊ न हरिया । अब म मर्दिनँ । किनकि अब म एक्लो छैन ।'

त्यो दिन मैले बुझेँ, मानिसलाई बाँध्ने चीज प्रेमभन्दा पनि जिम्मेवारी रहेछ ।

समय फेरि बग्यो । अरुणिमा विद्यालय जान थाली । ऊ पढाइमा तेज थिई । शिक्षकहरूले प्रशंसा गर्थे । तर, केही अभिभावकहरू अझै फुसफुसाउँथे ।

एकदिन विद्यालयमा फारम भरिँदै थियो ।

'तिम्रो जात ?' शिक्षकले सोधे ।

अरुणिमा चुप भई ।

'बाहुन कि भोटे ?'

काम चल्ने जात त पहिले नै लेखाइएको थियो । स्कुलका शिक्षकलाई पनि जातलाई लिएर असन्तुष्टि पोख्न पर्दो रहेछ । अरुणिमा घर आएर धेरै बेर मौन बसी । त्यसपछि उसले कापी च्यातेर फालिदिई ।

'म किन कुनै एउटा हुनुपर्छ ?'

म र पेमी एकअर्कालाई हेरेर बस्यौँ ।

हामीसँग उत्तर थिएन ।

तर त्यही रात पेमीले मलाई भनी- 'हामीले गल्ती गरेनौँ हरिया । गल्ती समाजको हो ।'

मैले धेरै वर्षपछि आफूलाई हल्का महसुस गरेँ ।

त्यसपछि हामीले अरुणिमालाई एउटै कुरा सिकायौँ – आफूलाई कहिल्यै सानो नठान्नू ।

ऊ अझै पढ्दै गई । समयसँगै ऊ शहरकै कलेज पुग्ने पहिलो "जात नमिलेकी" छोरी बनी । मानिसहरूले बिस्तारै हाम्रो कथा बिर्सिन थाले । नयाँ विषयहरू आए । नयाँ विवाद आए । समाजको स्मृति कमजोर हुँदो रहेछ । तर घाउ भने हामीभित्र कतै बाँकी नै थियो ।

एकदिन हामी फेरि अरुणकिनार पुगेका थियौँ । धेरै वर्षपछि । नदी उस्तै थियो । पानी उस्तै थियो । केवल हामी बूढा भएका थियौँ ।

पेमीले लामो समय नदीतिर हेरिरही ।

'त्यो दिन म हाम फालेकी भए के हुन्थ्यो होला ?'

मैले बिस्तारै भनेँ- 'म पनि शायद बाँच्दिनथेँ ।'ऊ हाँसी ।

'झुट ।'

'साँचो । किनकि त्यो दिनदेखि मेरो जीवन तिमीसँग गाँसियो ।'

हामी चुपचाप नदीको आवाज सुनिरह्यौँ ।

त्यही बेला अरुणिमा हामीतिर आई । ऊ अब जवान भइसकेकी थिई । उसका आँखामा विद्रोह थियो, तर त्यो विद्रोह घृणाबाट जन्मेको थिएन- आत्मसम्मानबाट जन्मेको थियो ।

'बाबा,' उसले भनी, 'म काठमाडौँ पढ्न जान चाहन्छु ।'

म केहीबेर चुप भएँ ।

पेमीले मलाई हेरी ।

'जान देऊ हरिया । नदीलाई थुनेर राख्न सकिँदैन ।'

म मुस्कुराएँ ।

त्यो रात घर फर्कँदा मलाई लाग्यो, जीवन आखिर नदीजस्तै रहेछ । कहिले चट्टानमा ठोक्किन्छ, कहिले गहिराइमा हराउँछ, कहिले बाढी बनेर बग्छ । तर रोकिँदैन ।

अरुणिमा काठमाडौँ गई । हामी फेरि दुईजना मात्र भयौँ । गोठबाट शुरु भएको हाम्रो जीवन अब सानो कोठामा सीमित थियो । तर, त्यस कोठामा अब अपमानभन्दा सम्झनाहरू बढी थिए ।

एकदिन पेमीले पुरानो लुङ पोते निकालेर मलाई देखाई । 'याद छ ? यही लगाएर बिहे गरेको ।'

म हाँसेँ ।

'त्यो बेला तिमी नदीबाट भर्खर फर्केकी थियौ ।'

ऊ गम्भीर भई ।

'हरिया, मानिसलाई एकपटक मर्न सजिलो रहेछ । तर समाजसँग लड्दै बाँच्न धेरै गाह्रो रहेछ ।'

मैले उसको हात समातेँ ।

'तर तिमीले जित्यौ पेमी ।'

उसले टाउको हल्लाई ।

'हामीले जित्यौँ ।'

बाहिर पानी पर्न थालेको थियो । असार फेरि फर्किएको थियो । मैले झ्यालबाट बाहिर हेरेँ । कतै टाढा अरुण बगिरहेको थियो । त्यही अरुण, जसले एकदिन एउटी भोटेनी केटीलाई लिन खोजेको थियो । तर नदीले त्यो दिन उसलाई पाएन । शायद नदीले बुझ्यो- केही मानिसहरू मर्नका लागि होइन, समाजको ऐनामा दरार पार्न जन्मिएका हुन्छन् ।

अरुणिमा काठमाडौँ गएपछि पेमीमा एउटा अनौठो स्तब्धता थियो । पहिले ऊ साँझपख म आउँदा ढोकासम्म आइपुग्थी । अहिले झ्यालबाट मात्रै हेर्थी । पहिले ऊ धेरै बोल्थी । अहिले मुस्कानले मात्र काम चलाउँथी । उसको हाँसोमा पनि कताकता थकानको धुलो जम्न थालेको थियो । हाम्रो कोठामा एउटा पुरुषको आउजाउ बढ्न थाल्यो । म कामबाट फर्किँदा ऊ प्रायः पेमीसँगै हुन्थ्यो । कहिले चिया पिइरहेको, कहिले चुपचाप गफ गरिरहेको ।

'को हो ?' मैले एकदिन सोधेँ ।

'दाजु हो,' पेमीले सहज स्वरमा भनी ।

मलाई उसका माइतीबारे खासै थाहा थिएन । मैले धेरै कोट्याउने प्रयास पनि गरिनँ ।

म आफैँ समाजबाट उछिट्टिएको मान्छे । पेमाको विगत खोतलेर म फेरि किन एक्लिऊँ ? मैले पेमाको विगत कहिल्यै खोज्ने प्रयास गरिनँ ।

उसले मलाई 'ज्वाइँ' भनेर नमस्कार गर्थ्यो । म 'दाइ' भनेर टाउको निहुराउँथेँ । तर, मान्छेको मन कहिलेकाहीँ आफ्नै विश्वाससँग हार्दो रहेछ । बिस्तारै मभित्र एउटा अज्ञात डर उम्रिन थाल्यो ।

त्यो डर प्रेमको थियो कि समाजले वर्षौंदेखि रोपेको शङ्काको बीउ थियो- मैले छुट्याउन सकिनँ ।

एकदिन म कामबाट अलि चाँडै फर्किएँ । कोठाको ढोका आधा खुला थियो । भित्र कोही थिएन । पेमीका कपडा पनि थिएनन् । पुरानो बाकस खाली थियो । म धेरै दौडिएँ कतै भेटिनँ ।

'भागी होला त्यही मान्छेसँग !' छिमेकीहरूले यति सजिलै फैसला सुनाए, मानौँ उनीहरू त्यही दिनको प्रतीक्षामा थिए । म चुप रहेँ ।

'दाजु रे !' चौतारोमा हाँसो उठ्यो । 'अँ अँ ! मामा रहेछ र पो भान्जीको अनुहार मिल्ने !' मानिसहरू फेरि रमाए । समाजले नयाँ मसला पाएको थियो । तर, मभित्र भने हाँसो होइन, एउटा पुरानो नदी फेरि उर्लियो ।

मलाई सम्झना आयो- त्यो दिन पनि समाजले हामीलाई हेरेर यस्तै फैसला सुनाएको थियो । त्यो दिन पेमी मर्न लागेकी थिई । आज ऊ फेरि मेरो जीवनबाट हराएकी थिई । फरक यत्ति थियो-

त्यो दिन मैले उसको हात समातेको थिएँ । आज उसले त्यो हात छोडेकी थिई ।

धेरै दिनसम्म मैले उसलाई खोजेँ । गल्लीहरूमा, मेलापातमा, मानिसहरूको अनुहारमा...

तर पेमी कतै भेटिनँ ।

एकदिन अरुणिमाको चिठी आयो । "बाबा, आमालाई दोष नदिनू । कतिपय मानिसहरू धेरै लड्दा-लड्दै थाक्छन् । शायद आमा पनि थाक्नुभयो ।" त्यो चिठी पढेर म धेरै बेर नबोली बसिरहेँ ।

अहिले म फेरि अरुणको बगरमा बसेको छु । पानी उस्तै बगिरहेको छ । ढुङ्गाहरू उस्तै छन् ।

बदलिएको त केवल म हुँ ।

म सोचिरहेछु- त्यो दिन यदि मैले पेमीलाई नदीबाट नतानेको भए के हुन्थ्यो होला ? शायद ऊ त्यही दिन मर्थी । शायद म यो पीडामा हुन्न थिएँ । फेरि लाग्छ- उसले मलाई जति दुःख दिई, त्योभन्दा धेरै जीवन दिई । उसले मलाई समाजभन्दा ठूलो कुरा सिकाई- मान्छेलाई प्रेम गर्न सकिन्छ, तर बाँधेर राख्न सकिँदैन ।

साँझ पर्न थालेको छ । अरुणको पानी कालो हुँदै गइरहेको छ । म आफ्नै छायालाई नदीमा हेर्छु ।

पेमा ! तिमी आयौ... मलाई बाँच्न सिकायौ... र अन्त्यमा रित्याएर गयौ ।

## विश्व

### स्टारमरलाई चुनौती दिने लक्ष्यका साथ बेलायतका स्वास्थ्यमन्त्रीद्वारा राजीनामा

**लन्डन, १ जेठ ।**

बेलायतका स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले केअर स्टारमर नेतृत्वको लेबर सरकारबाट राजीनामा दिएका छन् । योसँगै दुई वर्षभन्दा छोटो समयमै स्टारमर अपदस्थ हुने जोखिम थप बढेको छ । बेलायतमा गत साता सम्पन्न स्थानीय चुनावमा लेबरले विनाशकारी नतिजा हासिल गरेपछि स्टारमरलाई पद छोड्न दबाब बढ्दै गएको छ ।

४३ वर्षीय स्ट्रिटिङले बिहीबार सामाजिक सञ्जाल एक्समा एक पोस्ट गर्दै 'अब स्टारमरको नेतृत्वमा विश्वास नरहेकाले सरकारमा रहन नसकेको' बताएका छन् । साथै उनले पछिल्लो चुनावी हारको प्रमुख कारक पार्टीको अलोकप्रियता रहेको'मा कुनै शंका नरहेको लेख्दै अगाडि भनेका छन्, ' अब स्पष्ट भइरहेको छ कि तपाईं (स्टारमर)ले अर्को आमनिर्वाचनमा लेबर पार्टीको नेतृत्व गर्नुहुनेछैन ।'

घोषणामा धेरै आंशका गरे पनि स्ट्रिटिङले स्टारमरविरुद्ध औपचारिक नेतृत्वको चुनौती भने दिएका छैनन् । स्ट्रिटिङले विद्यमान नेतृत्वलाई चुनौती दिएर चुनावी प्रतिस्पर्धा सुरु गर्न आवश्यक ८१ सांसदको समर्थन प्राप्त गरे-नगरेको खुलाएका छैनन् । तथापि, उनले भित्री रूपमा नेतृत्व चुनौती दिन तयारी गरेको ब्रिटिस मिडियाले लेखेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** – प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम बन्नेछ । तर आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् ।

**वृष** – कामको मेसो नमिल्दा केही अलमल हुनेछ । तापनि मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

**मिथुन** – समयमा निर्णय नलिने बानीले पछि समस्या पर्न सक्छ, सजग रहनुहोला । प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ ।

**कर्कट** – विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ । काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ ।

**सिंह** – अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला । अध्ययन र व्यापारमा सामान्य प्रगति हुनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय रहेकोछ ।

**कन्या** – सोख र हडबडीले केही समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखारता आउने समय छ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**तुला** – खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ ।

**वृश्चिक** – मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन् । आवश्यक भौतिक साधन सजिलै जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**धनु** – पहिले रोकिएको कामले उत्साह जगाउनेछ । मिहिनेतले लक्ष्यमा पुग्न सकिनेछ । अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।

**मकर** – समय केही संघर्षमय रहने देखिन्छ । तापनि सामाजिक जिम्मेवारी प्राप्त हुनेछ र आफ्नो क्षेत्रको नेतृत्व हातलागी हुनेछ ।

**कुम्भ** – अरूका लागि समय खर्चनुपर्ला । परिस्थिति अलि बिग्रन सक्छ । सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ ।

**मीन** – प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । रमाइलो यात्राका बीच अतिथिका रूपमा सत्कार पाइनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

व्यक्तित्व चर्चा :

# निजामती सेवाबाट निबृत्त भएका पूर्ण बहादुर



✍ पृथ्वी बहादुर सिंह/पत्रकार

बुवा नर वहादुर वुढाकी दुई श्रीमती मध्ये जेठी धर्मशीला बुढा, कान्छी वसन्तीका पाँच भाई, दुई वहिनी मध्य धर्मशीला जाजरकोट साविक साल्मा गा.वि.स. हाल छेडागाड न.पा. वडा नं.२ डेढकुला देउतीडाँडा टोल जाजरकोट कुल देवती डाँडाटोल जाजरकोट निम्न माध्यम परिवारमा २०२५ जेठ २४ गते विहिवार जन्मेका हुन पूर्ण वहादुर वुढाक्षेत्री घरमा वुवा सामान्य साक्षर भएकोले घरमा नै साँवा अक्षरदेखी वारिपारी पढी ५ वर्षको हुँदा आफनै गाउँको इन्द्रज्योती प्रा.वि रानीचौरबाट अध्ययन शुरु गरेर त्यहि विद्यालयबाट ५ कक्षा उत्तिर्ण गरेका थिए।

कक्षा-६ जनप्रिय मा.वि. दसेरा जाजरकोट अध्ययन गर्दै त्यहि विद्यालयबाट कक्षा-१० उत्तिर्ण पछि एसएलसी परीक्षा द्धितीय श्रेणीमा पास गर्न पुग्नुभएको हो। त्यसपछी अध्ययन शुरु गरेर २०४४ सालमा शिक्षक आयोगबाट स्थायी हुनु भएको थियो । स्थायी शिक्षक आयोग पास पछी कालिका प्रा.वि. जाल्पा जाजरकोट अध्ययन गर्न थालेका हुन।

त्यो विद्यालयबाट इन्द्र ज्योती प्रा.वि. डेढकुला आफ्नै जन्मेको गाउँमा २०४६ पौष महिनासम्म अध्यापन गराउनु भएको थियो । गा.वि.स. साल्मा १ हाल छेडागाड न.पा. जाजरकोट निवासी ससुरा लाल वहादुर, सासु राधिका रावतकी पाँच बहिनी, भाई तीन मध्ये जेठी छोरी टिका देवी रावतसंग मागी २०४६ साल दशै रामनवमीको दिन विवाह गर्नुभएको थियो।

२०४६ सालमा पौषमा लोकसेवा आयोग सिफारिस भै खानेपानी दैलेख खरदार पदमा नियुक्त भै २०४९ सालसम्म सेवामा कार्यरत रहनुभयो दैलेखबाट २०५० मा सरुवा भएर क्षेत्रीय खानेपानी निर्देशनालय जिल्ला खानेपानी, जिल्ला सहकारी सुर्खेतमा २०५९ भाद्रसम्म कार्यरत भएर सेवा गर्नु भएको थियो।



२०५९ आश्विनदेखी लोकसेवा आयोगको शिफारिसमा लेखापाल भएर जिल्ला शिक्षा कार्यालय जाजरकोटमा २०६३ फाल्गुनसम्म सेवा गरी त्यहाँबाट सरुवा भएर कोष तथा लेखा नियन्त्रण कार्यालय सुर्खेत, जि.वि.स, कालिकोट, क्षेत्रीय सिंचाई निर्देशनालय सुर्खेत, यान्त्रिक कार्यालय सुर्खेत २०७२ जेष्ट २० गते सम्म लेखापाल पदमा कार्यरत रहेर यहि नोकरी कालमा उहाँले प्रमाण-पत्र तह, स्नातक तह र स्नाकोत्तर सुर्खेत वहुमुखी क्याम्पसबाट विए पास र स्नाकोत्तर म.प.वि.वि.बाट पुरा त्यसपछी २०७२ जेठ २२ गते लेखा अधिकृत बढुवा भएर क्षेत्रीय कृषि निर्देशनालय, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सुर्खेतमा २०७५ साल सम्म सेवा गरी २०७६ वैशाखबाट समायोजन भएर भगवती गा.पा. दैलेखमा कार्य संम्पादन गरी २०८० चैत्र १ गते देखी स्वैच्छिक अवकाश लिनुभएको हो।

उहाँका तीन बहिनी, छोरी एक, छोरी एक छोराछोरी रहेका छन् दुई बहिनी एक छोरा विवाह वन्धनमा बाँधिएका छन् । माइली छोरी अविवाहित लोकसेवा आयोग उत्तिर्ण गरी कृषि विकास बैंक दैलेख कर्णाली राकम चौथो तह सहायक लेखापाल पदमा कार्यरत छन्। ठुली छोरी वि.सी. जनस्वास्थ्य निरिक्षक सातौ तहमा उत्तरगंगा स्वास्थ्य चौकीको इन्चार्ज वीरेन्द्रनगर-३ माथी सुर्खेतमा कार्यरत छन् । कान्छी छोरी लक्ष्मी वि.सी. एक वर्षदेखी जापान गै अध्ययन रहेकी छिन। छोरा शुसिल कुमार वि.सी. वीरेन्द्रनगर-६ हटिया लाइनमा सुर्खेतमा "न्यु डिजिटेक नेपाल" इलोक्टोनिक समान खरिद विक्री मर्मत सम्भार पसल सञ्चालन गरी रहेका छन।

उनले नेपाल सरकारको सेवा गरेको मुल्याङ्कन गरिएको भूमि व्यवस्था तथा कृषि मन्त्रालय कर्णाली प्रदेश सरकार, कोष तथा लेखा नियन्त्रण सुर्खेत भगवती गा.पा. दैलेखले सम्मान गरेका छन्। हाल वी.न.पा.कालिन्चोक आफ्नो घरमा श्रीमती, छोरावुहारीको साथमा निवृत्त जिवन धेरै समय विभिन्न धार्मिक वैज्ञानिक राजनैतिक, साहित्यका पुस्तक अध्ययन कहिले काँहि वृद्धशालामा वृद्धसंग भजन किर्तन सहभागी भै समय बिताई रहनुभएको छ। कहिले काहिँ कविता पनि सृजना गर्नुहुन्छ एउटा कविता संग्रह प्रकाशित गर्ने चाहना पनि छ।

जिवनको लामो देश सेवा गरेको अनुभवमा प्रजातान्त्रिक, लोकतान्त्रिक शक्ति विकेन्द्रकरण व्यवस्था नै आजको आधुनिक भौतिकवादी युगमा उत्तम व्यवस्थापन भनिन्छ। हाम्रो जस्तो अल्पविकशित अंग्रेजी साम्राज्यवाद निर्देशनमा निरंकुश सामान्ती राणा शासन चलाएको लाहुरे संस्कार बसालेको दलाल संस्कार हटन सकेको छैनन् प्रकृत्तिले नेपाली भूमिमा अपार सम्पदा छन् त्यसको उपयोग युवायुवती श्रम लगाउने पहल गर्नु भन्दा विश्वका विभिन्न मुलुकहरुमा श्रमदास पठाउने लाहुरे संस्कृती र राज्यकोषबाट अनेक विकृतीबाट कमाउधन्दाले शुसासन नहुँदा जेन्जी उठेर सुरक्षा निकायले जनकार्यका सार्वजनिक भवनमासमेत आगलागी बचाउन सकेन। जन निर्वाचित संसद मन्त्री मण्डल विघटन हुनु लाजमान्नु उदारण वन्न गएको छ।

यस पटक जुनसुकै पार्टीको हो वा स्वतन्त्र संसद उम्मेदवारको इतिहाँस हेरेर मात्र विजयी बनाउनु पर्छ । अब देश भित्र नै निशुल्क शिक्षा बनाउँदै हरेक क्षेत्रमा राजनिती आस्था जुनसकै पद नियुक्त प्रमोसन प्रतिस्पर्धा आधार गर्ने नातावाद, कृपावाद, सामान्ती निगाहको कर्मचारीतन्त्र लागु गर्नु पर्छ । त्यसै पाँच बर्ष सरकार चलाउन कार्यकारी प्र.म. वा राष्ट्रपतीको निर्वाचन मतले बनाउनु पर्छ। विषय विज्ञ मन्त्री बनाउन पर्छ कुटनिती जान्ने नै निस्वार्थी व्यक्ति नै प्रधानमन्त्री राष्ट्रिपती बनाउन बन्नु पर्छ। भ्रष्टाचार गर्नेलाई कानुनि मुदामा फाँसी पनी संम्बिधान शंसोधन गरी राख्नु पर्छ भन्ने दुर सन्देश पनि दिने गर्नु पर्छ सबै सवैजनमा चेतना भया .....।

## नयाँ सामग्री खरिद नगर्न निर्देशन

◣युग संवाददाता
काठमाडौँ, १ जेठ ।

सरकारले सार्वजनिक खरिदमा मितव्ययिता अपनाउन तथा अत्यावश्यकबाहेक अन्य अवस्थामा कुनै किसिमका नयाँ सामग्री खरिद नगर्न निर्देशन दिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिहीबार सरकारका सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, सरकारी निकाय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका साथै सबै प्रदेशमा परिपत्र पठाउँदै उक्त निर्देशन दिएको हो। मन्त्रीपरिषद्को कार्यालयले अत्यावश्यकबाहेक नयाँ सामग्री खरिद नगर्न मौजुदा, औजार, उपकरण, फर्निचर र सवारीसाधनहरूलाई चालु अवस्थामा राखी सार्वजनिक खर्च जोगाउन अनुरोध गरेको छ।

## दश महिनामा ६० प्रतिशत बजेट खर्च, विकास खर्च २८ प्रतिशत मात्र

◣युग संवाददाता
काठमाडौँ, १ जेठ ।

चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा सरकारको बजेट खर्च वार्षिक विनियोजनाको करिब ६० प्रतिशत भएको छ। महालेखा नियन्त्रक कार्यालयकाअनुसार बितेका दश महिनामा रु ११ खर्ब ७३ अर्ब ५२ करोड एक लाख बजेट खर्च भएको छ।

चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याएकामा हालसम्म वार्षिक विनियोजनको ५९ दशमलव ७५ प्रतिशत खर्च भएको छ।

उक्त कार्यालयका अनुसार चालु आवका लागि चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा वैशाख मसान्तसम्ममा ६८ दशमलव ९८ प्रतिशतअर्थात् रु आठ खर्ब १४ अर्ब ६५ करोड ५५ लाख खर्च भएको छ। त्यस्तै, पुँजीगततर्फ रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकोमा २७ दशमलव ९१ प्रतिशतअर्थात् रु एक खर्ब १३ अर्ब ८४ करोड ९२ लाख बराबर खर्च भएको छ।

## कर्णाली प्रदेशसभामा विनियोजन विधेयक पेस

◣युग संवाददाता
सुर्खेत, १ जेठ ।

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले प्रदेशसभामा विनियोजन विधेयक पेस गरेका छन्। कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको आठौं अधिवेशनको आज बसेको दोस्रो बैठकमा सभामुख नन्दा गुरुङले मन्त्री शाहलाई समय दिएसँगै कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०८१ दफा ११ र कर्णाली प्रदेशसभा नियमावली, २०७९ नियम १४१ बमोजिम उनले विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता (कर प्रस्तावबाहेक) छलफलका लागि सभामा पेस गरेका हुन।

बैठकमा मन्त्री शाहले विधेयकका सिद्धान्त र प्रथामिकताको धरातलमा प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम एवं वार्षिक बजेट निर्माण तथा कार्यान्वयनका माध्यमबाट समग्र प्रदेश आर्थिक तथा सामाजिकलगायतमा उच्च समृद्धि हाँसिल गर्दै मध्यम आय भएको प्रदेशका रूपमा कर्णालीलाई विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको हिस्सा बढाउने दूरदर्शी सोच राखेको बताए।

विनियोजन विधेयक, २०८३ का सिद्धान्त तथा प्राथमिकताका सम्बन्धमा सभामा छलफल गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गर्नका लागि सदस्यहरूको सुझाव तथा मार्गदर्शन सभामार्फत प्राप्त हुने र त्यसले सरकारलाई नीति तथा कार्यक्रम र बजेट निर्माणमा सघाउने भन्दै उनले उक्त विधेयक सभासमक्ष पेस गरेका थिए। पेस भएको उक्त प्रस्तावमाथि आगामी जेठ ५ र ६ गते छलफल हुने सभामुख गुरुङले जानकारी दिए।

## बढ्दो बेरुजु नियन्त्रणका लागि वित्तीय सुशासन सुदृढ गर्नुपर्नेमा जोड

◣युग संवाददाता
काठमाडौँ, १ जेठ ।

बेरुजु फछ्र्योट तथा वित्तीय सुशासनलाई प्रभावकारी बनाउन सरोकार भएका सबै निकायको सक्रिय र सार्थक सहभागिता आवश्यक भएकामा जोड दिइएको छ। मुख्यसचिव सुमनराज अर्यालको अध्यक्षतामा गठित बेरुजु फछ्र्योट अनुगमन समितिले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा वित्तीय सुशासनलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्ने नीति लिइए पनि सरोकारवाला पक्षको अपेक्षित सहभागिता र क्रियाशीलता कमजोर हुँदा अपेक्षित नतिजा हाँसिल हुन नसकेको उल्लेख गरिएको छ।

प्रतिवेदनमा आगामी दिनमा बेरुजु फछ्र्योटलाई प्राथमिकतामा राखी सबै निकायबीच समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिइएको छ। महालेखापरीक्षकको ६२ औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ मा कूल लेखापरीक्षणमध्ये रु ९१ अर्ब ५९ करोड ७९ लाख बेरुजु औँल्याइएको छ, जुन अघिल्लो वर्षको तुलनामा ९.४५ प्रतिशतले बढी हो।

कविता

## छ सबै क्षणभङ्गुर



✍ ओम आचार्य



वसन्त बागमा ओर्ली ऋतु राग
रचाउने।
पूर्णकला अहोरात्र बोट पात
नचाउने ॥
जरा धर्ती लता माथि गीत लय
समाउने।
दिव्य चक्षु उघारेर सिर्जनामा
रमाउने ॥

हिमालको छटा सौम्य बादलको
समागम
चन्द्र सूर्य सखी भाव नाच्छ डाँफे
धमाधम ॥
रश्मिमा चम्कियो शीत लय
विलय पातमा।
फूलको आँसु पो हो कि टप्केको
मध्य रातमा ॥

घुरेर रजनी रात वायुवेग घुमी
फिरी।
छर्छ प्रकाशको ज्योति जुनकिरी
धरा गिरि।
बगरको चिता चिन्ता छैन नदी
प्रवाहमा।
निरन्तर बगी जान्छ छैन विश्राम
राहमा।

कता दृष्टि कता श्रृष्टि प्रज्ञा चुक्छ
बरोबर।
बादलमा लुकेको छ देखिदैन
सरोवर ॥
बेग लिनु थियो उड्दा खस्यो
किन बरोबर
तै पनि त अझै भन्छ चुम्ने हो
शशिशेखर ॥

ढुङ्गाको भरहो माटो माटोको भर
पथ्थर।
नजोडी आपसी मेल बन्दैन
सृष्टिको घर ॥
मुटुमा प्राण सञ्चार मानसाग्नि
धरोहर।
वायुमै बास बस्ने हो हृदयाग्नि
चराचर।

फूलको पनि सौन्दर्य, कतिन्जेल
रहन्छर ?
चुँडिन्छ मोह जागेर कि वैलिन्छ
स्वयम् हर ॥
सुगन्ध वायुमा मिल्छ रहन्न फूल
केसर।
लय विलय उस्तै छ,छ सबै क्षण
भङ्गुर ॥


### चौकुने गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**सिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०८३/०२/०१ गते**

यस गाउँपालिकाले तोकेबमोजिमका सडक निर्माण कार्य गर्नका लागि एक्जाभेटर भाडामा लिनुपर्ने भएकोले ईच्छुक फर्म वा व्यवसायीले निम्न शर्तको अधिनमा रहि तपसिलका कागजातहरु संलग्न गरी सिलबन्दी दररेट पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | मेसिनको नाम | अधिकतम प्रती कार्यघण्टा दर भ्याट बाहेक (बकेट, लोडर, डिजेल, अन्य इन्धन, लुब्रिकेन्ट, सम्पूर्ण मर्मत सम्भार खर्च र चालक सह चालक भत्ता (खाना, खाजा र आवास सहित)) |
|---|---|---|
| १ | Hydraulic excavator (tracked) with Breaker disigned for eavy – duty earthmoving, quarrying and utility applications . Requirement : a. Minimum 163 HP Engine power. b. Heavy – duty 1.1 m3 rock bucket. c. Operating weight : Minimum 22 ton. d. Excavator with Breaker not more than 8 years old. | |
| a. | Bucket | Rs.6010.00 |
| b. | Breaker | Rs. 6390.00 |

मिति २०८३/०२/०७ गते कार्यालय समयभित्र सम्बन्धित व्यवसायीले आफ्नो कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरि यस कार्यालयमा रु. १०००।- राजश्व बुझाई सिलबन्दी दररेट फारम खरिद गर्नुपर्नेछ।

- इच्छुक फर्म वा व्यवसायीले उक्त सिलबन्दी दररेट फारम मिति २०८३/०१/०८ गते दिनको १२:०० बजे यस गाउँपालिकामा दर्ता गरिसक्नु पर्नेछ। उक्त सिलबन्दी दररेट फारम सोही दिन दिउसो १ बजे गाउँपालिकामा खोलिनेछ।
- सिलबन्दी दररेट पत्र दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा दर्ता वा खोलिनेछ।
- एक पटक पेश भएको सिलबन्दी दररेट फिर्ता वा संशोधन गर्न सकिने छैन।
- मेसिन भाडामा उपलब्ध गराउदा मेसिनको क्षमता अनिवार्य रुपमा उल्लेख गरेको हुनुपर्नेछ।
- मेसिनले गाउँपालिकाले तोकेका सडक निर्माण कार्य गर्नुपर्नेछ। साथै गाउँपालिकाको लिखित निर्देशन अनुसार अन्य कार्यमा लगाउन सकिनेछ।
- मेसिनको सम्पूर्ण मर्मत सम्भारको जिम्मा स्वयम् व्यवसायीको हुनेछ।
- मेसिन मर्मत गर्नुपर्ने भै एक दिनसम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्नेछ।
- दरभाउपत्रमा अनिवार्य पेश गर्नुपर्ने कागजातहरु पेश गरेको दरभाउपत्रमध्ये सारभुतरुपमा प्रभावग्राही भई सबैभन्दा कम कवोलदरलाई सफल व्यवसायी मानिनेछ।
- यस सूचना बमोजिम सफल हुने व्यसायीले गाउँपालिकाको प्रचलित कानुन बमोजिम मेसिन सुचिकृत गरि सम्झौता बमोजिमको कार्य आरम्भ गर्नुपर्नेछ।
- माथि उल्लेख भएकोमा सूचना अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।
- दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

**दरभाउपत्रका साथ अनिवार्य पेश गर्नुपर्ने कागजातहरु**

- अध्यावधिक फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र २०८१।०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- मेसिनको अध्यावधिक सवारी धनी दर्ता प्रमाणपत्र (ब्लुबुक), मेसिनको लिज सम्झौता भए सो को प्रतिलिपि।
- मेसिनको हालको अवस्थामा प्रयोग गर्न योग्य रहेको भनि नेपाल इन्जिनियरिङ परिषदमा दर्ता मेकानिकल इन्जिनियरबाट प्रमाणित पत्र।
- व्यवसायीले कबोल गरेको दररेट सहितको निवेदन।
- तोकिएको राजश्व तिरेको भौचर।
- तेस्रो पक्ष विमाको कागजातहरुको प्रमाणित प्रतिलिपि।
- सवारी चालकको अनुमति पत्र र नागरिकताको प्रतिलिपि।
- यस पालिकाबाट खरिद गरि व्यवसायीले हस्ताक्षर गरेको सिलबन्दी दरभाउ फारम प्रामाणित सक्कल प्रति।

प्रमुख प्रशासकीय अधिकृत



**VACANCY ANNOUNCEMENT**

**Published Date**: **29th Baisakh, 2083**

**Valley Meridian Academy (VMA)**, a leading educational institution in the valley is an eminent as well as a high performing school that primarily focuses on **progressive education** in recent years for all-rounded development of the students incorporating experimental and activity based teaching-learning approach with immediate effect. As we are expanding our team, we invite applications from well-qualified, experienced, dedicated and self-motivated candidates in the following post listed below:

1. **Post** : **Secondary Level Computer Teacher**
   **Required No** : **1 (One)**
   **Qualification** : **Bachelor or Master's Degree in Computer Science** with at least **2 years** of working experience in the relevant field
   **Eligibility** : Must possess strong command over written and spoken English
   **Salary** : **NRs. 40,000 + Allowance** per month **(Salary is paid on a monthly basis)**

Interested candidates having proficiency and a positive attitude are highly encouraged to send their resume along with the **cover letter** at valleymeridian2063@gmail.com or drop in to the school office in person to apply until **3rd Jesth, 2083**.

*Only shortlisted candidates will be called for the further recruitment procedure.*

**Valley Meridian Academy (VMA)**
Birendranagar-09, Latikoili, Surkhet
Contact No. : 083-520587, 9858052921

## मूल्यवृद्धिको...

महासंघद्वारा ध्यानाकर्षण गराइएको पत्रमा भनिएको छ।

साथै निर्माण व्यवसायीहरू चरम आर्थिक तथा मानसिक दवावमा परेको समयमा व्यवसायीहरूलाई कालो सूचीमा राख्ने, बैंक ग्यारेण्टी जफत गर्ने जस्ता कार्यहरू नगर्न सरकार समक्ष अनुरोध गरिएको छ। नेपाल सरकारले समयमै मूल्य समायोजनको निर्णय नगरेका कारण निर्माण कार्य ठप्प हुँदा त्यसबाट उत्पन्न हुने सबै परिणामको जिम्मेवारी सरकारले लिनुपर्ने निर्माण व्यवसायीको ठहर छ। ठेक्का सम्झौता भएका आयोजनाहरु पूर्व निर्धारित समयमा सकिने सम्भावना नभएकाले बैंक ग्यारेण्टी, इन्सुरेन्स तथा थप क्षतिपूर्तिसहित सबै आयोजनाहरूको आवश्यक म्याद थप र बजेट व्यवस्थापन गर्नुपर्ने निर्माण व्यवसायीहरुको माग छ।

## संघ सरकारले...

मुख्यमन्त्री कँडेलले समस्या प्रदेश सरकारको मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिसँग जोडिएको विषय भएको बताए।

उनले अहिलेको अवस्था संघीय सरकारसँग सम्बन्धित विषय भएको उल्लेख गर्दै हालै सार्वजनिक भएको संघीय सरकारको नीति तथा कार्यक्रममा समेत यस विषयलाई समेटेर समाधान खोजिनुपर्ने बताए। 'यो अन्तर्राष्ट्रिय कारणले सिर्जना भएको राष्ट्रिय समस्या हो,' उनले भने, 'यदि संघीय सरकारले समयमै उपयुक्त निर्णय नगर्ने हो भने विकास निर्माणका धेरै काम प्रभावित हुन्छन्।'

मुख्यमन्त्री कँडेलले केही समयअघि प्रधानमन्त्रीसँग सातै प्रदेशका मुख्यमन्त्रीहरूको भेटका क्रममा समेत आफूहरूले यही विषय उठाएको जानकारी दिए। इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका कारण निर्माण व्यवसायीहरू मात्रै नभई प्रदेश सरकारका विकास आयोजनासमेत प्रभावित भएको उनको भनाइ थियो।

उनले प्रदेश सरकारले आफ्नै तहबाट निर्णय गर्न खोज्दा पनि संघीय कानुनले सीमित बनाइरहेको दावी गरे। 'हामीलाई निर्देशित गर्ने कानुन संघीय कानुन भएकाले प्रदेश सरकारले एक्लै निर्णय गर्न अप्ठ्यारो छ,' उनले भने, 'कतिपय अवस्थामा प्रदेशका व्यवसायीका समस्या सुनेर निर्णय गर्न नसकिने होइन, तर कानुनी जटिलता छ।'

मुख्यमन्त्री कँडेलले पछिल्ला केही वर्षयता देखिएका विभिन्न घटनाले प्रदेश सरकारको खर्च र विकास निर्माणमा प्रत्यक्ष असर पारेको बताए। 'यी सबै कारण हाम्रो नियन्त्रणभन्दा बाहिरका विषय हुन्,' उनले भने, 'तर बाहिर भने खर्च भएन, काम भएन भनेर प्रदेश सरकारको क्षमता र योग्यताको मापन गर्ने प्रयास भइरहेको छ।'

उनले यस्ता परिस्थितिले देशव्यापी रूपमा निर्माण क्षेत्र प्रभावित भए पनि त्यसलाई बेवास्ता गरेर प्रदेश सरकार असफल भएको भाष्य निर्माण गर्न खोजिएको टिप्पणी गरे। मुख्यमन्त्री कँडेलले निर्माण व्यवसायीहरूको समस्या समाधानका लागि प्रदेश सरकार सकारात्मक रहेको पनि बताए। उनले आवश्यक परे प्रदेश सरकारले केही निर्णय गर्न सक्ने संकेत गर्दै त्यसलाई अन्यथा नलिन आग्रह गरे।

यद्यपि, लामो समयसम्म काम नगर्ने र ठेक्का अलपत्र पार्ने निर्माण कम्पनीहरूप्रति भने प्रदेश सरकार कठोर बन्ने चेतावनी दिए। 'पाँच वर्षसम्म ठेक्का लिएर पनि १०-१५ प्रतिशत मात्रै काम गर्ने रुग्ण ठेक्कामा सरकार कठोर निर्णयमा पुग्नुपर्ने अवस्था छ,' उनले भने। उनले वर्तमान परिस्थितिका कारण निर्माण व्यवसायीहरूलाई अयोग्य ठहर गर्ने वा कानुनी कारबाहीतर्फ तत्काल नजाने स्पष्ट पार्दै प्रदेश सरकार व्यवसायीहरूको समस्याप्रति संवेदनशील रहेको बताए।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सरिता बोहोरा धनी रहेको, दर्ता नम्बर १७५५/०७७/०७८ बाट वीरेन्द्रनगर न.पा-१४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री महादेव कृषि तथा टर्की फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

# कर्णालीका १६ लाख ८८ हजार नागरिक विपद् बीमामा समेटिए

**युग संवाददाता**
**सुर्खेत, १ जेठ।**

कर्णाली प्रदेश सरकारले प्राकृतिक विपद्बाट हुने जनधनको क्षतिलाई सम्बोधन गर्न सामूहिक दुर्घटना बीमा कार्यक्रम लागू गरेको छ। प्रदेश मन्त्रीपरिषदबाट स्वीकृत 'विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१' अनुसार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र राष्ट्रिय बीमा कम्पनी लिमिटेडबीच एक वर्षका लागि बीमा सम्झौता गरिएको हो।




मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, वीरेन्द्रनगर र राष्ट्रिय बीमा कम्पनी लिमिटेड, काठमाडौं बीच यसअघि १ असोज २०७६ मा भएको सम्झौताकै आधारमा नयाँ समझदारी गरिएको जनाइएको छ।

यो प्राकृतिक विपद्बाट हुने क्षतिको बीमा सम्झौता ३० वैशाख २०८३ बाट लागू हुने गरी एक वर्ष अवधिका लागि नवीकरण गरिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयले जनाएको छ। सम्झौतामा मुख्यमन्त्री कार्यालयका तर्फबाट उपसचिव उक्त गौतम र राष्ट्रिय बीमा कम्पनीका तर्फबाट सह-व्यवस्थापक डम्बरदेव अधिकारीले हस्ताक्षर गरेका छन्।

कार्यविधिअनुसार सञ्चालन हुने यो बीमालेखमा कर्णाली प्रदेशका १६ लाख ८८ हजार चार सय १२ जना नागरिक समेटिएका छन्। प्रतिव्यक्ति बीमाङ्क दुई लाख रुपैयाँ कायम गरिएको छ। प्रदेश सरकारले प्रतिव्यक्ति वार्षिक नौ रुपैयाँ ३३ पैसाका दरले बीमाशुल्क तिर्नेछ।

यसअनुसार कुल बीमाशुल्क एक करोड ५७ लाख ५२ हजार नौ सय चार रुपैयाँ लाग्नेछ, जुन रकम मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले भुक्तानी गर्नेछ। सम्झौताअनुसार प्राकृतिक विपद्का कारण मृत्यु भएका व्यक्तिका परिवारले बीमा दाबी गर्न पाउनेछन्। बीमा दाबीका लागि घटना भएको ३५ दिनभित्र निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ।

तोकिएको अवधिभित्र दाबी गर्न नसकिएमा ढिलाइ हुनुको कारण खुलाएर सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहको सिफारिससहित एक सय ८० दिनभित्र दाबी गर्न सकिने प्रावधान राखिएको छ। बीमा सुविधा पाउन कर्णाली प्रदेशका स्थायी बासिन्दा हुनुपर्नेछ।

साथै देशको जुनसुकै स्थानमा प्राकृतिक विपद्का कारण मृत्यु भएका कर्णालीका स्थायी नागरिक पनि यस योजनाअन्तर्गत समेटिनेछन्। अन्य प्रदेशका नागरिक भए पनि कर्णाली प्रदेशभित्र सरकारी, गैरसरकारी वा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकलाई समेत बीमा कार्यक्रममा समावेश गरिएको छ।

बीमाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, भूकम्प, बाढी तथा जलमग्न, पहिरो, जमिन धसिने, डुबान, हावाहुरी, आँधीबेहरी, शीतलहर, तातो हावाको लहर, चट्याङ, आगलागी, डढेलो, जंगली जनावरको आक्रमण, भिरबाट लड्ने, ढुंगा खस्ने, खोला वा नदीमा डुब्ने वा बग्ने जस्ता प्राकृतिक विपद्बाट हुने मृत्युका घटनालाई समेट्नेछ।

बीमा दाबी प्रक्रियालाई सहज बनाउन कम्पनीले कर्णालीका सबै जिल्लामा एक-एक जना प्रतिनिधि खटाउने व्यवस्था गर्नुपर्नेछ। घटनास्थलबाट आवश्यक कागजात संकलन गर्ने जिम्मेवारी ती प्रतिनिधिलाई दिइनेछ। त्यस्तै, बीमा कार्यक्रमबारे जनस्तरसम्म जानकारी पुऱ्याउन कम्पनीले प्रभावकारी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ भने प्रदेश सरकारले समेत प्रचार-प्रसारमा जोड दिने जनाइएको छ।

सम्झौतामा बीमितको भुक्तानी प्रक्रियालाई सरल र प्रभावकारी बनाउन कम्पनीले कार्यालय, कम्पनी र लाभग्राहीबीच समन्वय गर्ने संयन्त्र विकास गर्नुपर्ने उल्लेख छ। बीमा रकम भुक्तानी गर्दा स्थानीय तहको सिफारिस र कागजातलाई प्रमाणका रूपमा स्वीकार गर्नुपर्नेछ।

पूर्ण कागजात पेश भएको मितिले बढीमा १५ दिनभित्र हकवालाको बैंक खातामा सिधै रकम जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ। भुक्तानी भएको जानकारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

## यौन हिंसाबाट बचौं र बचाऔं:

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गुलमोहर र बेगमबेलीले सजिँदै नेपालगञ्ज

**युग संवाददाता**
**नेपालगञ्ज, १ जेठ।**

पछिल्ला वर्षमा नेपालगञ्जको स्वरूप उल्लेख्य रूपमा बदलिएको छ। फराकिला सडक, सडक किनारमा रोपिएका विभिन्न जातका बोटबिरुवाले यहाँको हरियाली प्रवर्द्धनसँगै सहरको सौन्दर्य बढाएका छन्।

साँघुरा र धुलाम्मे सडक कालोपत्र गरिएका छन्भने हरियालीले नगरको शोभा बढाएको छ। रातानीला गुलमोहर र बेगमबेलीले नेपालगञ्जको सौन्दर्य चम्काएको छ। 'क्लिन नेपालगञ्ज, ग्रीन नेपालगञ्ज'का अध्यक्ष विनोद कर्ण पूर्वाधार विकाससँगै हरियाली थपिएकामा दङ्ग हुन्छन।

हरियाली विस्तार अझै आवश्यक भएको उहाँ बताउनुहुन्छ। सुर्खेतरोड, न्यूरोड, भानुचोक र गणेशमान चोकलगायत क्षेत्रमा लगाइएका गुलमोहर तथा बेगमबेलीले नगरको चमकमात्र बढाएका छैनन् अपितु यिनले पानीका स्रोत जोगाउनका साथै पर्यावरणीय सन्तुलन कायम गर्न सघाएका छन्।

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट अत्यधिक गर्मीका लागि परिचित नेपालगञ्जमा हरियाली प्रवर्द्धन तथा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन भइरहेको बताउँछन्। "हामीले 'हिट वेभ' व्यवस्थापनका लागि कार्ययोजना बनाएर काम गरिरहेका छौँ। यसका साथै हरियाली प्रवर्द्धनका कार्यक्रमलाई पनि निरन्तरता दिएका छौँ", उनले भने। यहाँ घर निर्माण गर्दा अनिवार्य रूपमा बिरुवा रोप्नुपर्ने नीति लागू गरिएको छ।

नगरको हरियालीले जलवायु परिवर्तनका असर घटाउनका साथै अक्सिजन उत्पादन तथा प्रदूषण नियन्त्रणमा टेवा पुग्ने भएकाले उपमहानगरपालिकाले पार्क व्यवस्थापनलाई जोड दिएको छ। हालसम्म शीतलचिनीका करिब १५ हजार तथा राक्षवृक्ष, नीमलगायतका करिब तीन हजार बिरुवा रोपिएका छन्। हरित अभियन्ता हेमन्तराज काफ्लेले विगतमा नेपालगञ्जमा अव्यवस्थित रूपमा रहेका रुख तथा बिरुवाको स्थान अहिले व्यवस्थित हरियालीले लिएको बताउँछन्। मासिएका आँपका बगैँचा र तालतलैयाको परिपूर्ति यहाँका बोटबिरुवाले गरेका उनको ठम्म्याइ छ।

तत्कालीन ब्रिटिश-इण्डियाबाट बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता पाएपछि प्रधानमन्त्री जङ्गबहादुर राणाले लखनउस्थित हजरतगञ्जको नमुनाका रूपमा नेपालगञ्ज बसाएको अभिलेख पाइन्छ। उनले सुब्बा सिद्धिमान राजभण्डारीलाई बस्ती बसाउन खटाएपछि हालको त्रिवेणीचोकदेखि दक्षिणतर्फ १०८ फिट चौडा सडकको दायाँ-बायाँ घर निर्माण गरिएको अभिलेखमा छ।

अहिलेको त्रिभुवन चोकलाई सुरुमा 'चोकबजार' भनिन्थ्यो। यही चोकबाट पूर्व-पश्चिम लाइन, इदगाह रोडलगायत क्षेत्रमा पसलकबलसहितका घर निर्माण गरेर नेपालगञ्ज सहर विस्तार गरिएको हो। यहाँको त्रिभुवन चोक नगरको मुख्य केन्द्रका रूपमा परिचित छ।

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

### हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट


लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।